स्थानीय सरकार
पुथा उत्तरगङ्गा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
puthauttargangamun.gov.np
puthauttargangamun@gmail.com
9857880303, 9857880404
तकसेरा, रुकुम (पूर्वी भाग)
लुम्बिनी प्रदेश, नेपाल

प.सं.: ०८०।०८१
सुचना नं. 29

मिति:२०८०।११।०३
ने.सः (११४४ सिल्लाथ्व,६ बिहीवार)

विषय –न्यूनतम रोजगारीमा संलग्न हुनको लागि निवेदन दिने सम्बन्धी सूचना।

प्रत्येक नेपाली नागरिकलाई रोजगारीको हक प्रत्याभूति गराउन रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धी नियमावली २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ (दोस्रो संशोधन) को दफा १८ बमोजिम चालु आ.व. २०८०/०८१ मा न्यून आय भएका वा स्वरोजगारमा संलग्न नरहेका १८ देखि ५९ बर्ष उमेर समुहका बेरोजगार नागरिकले आ.व. २०८१/०८२ मा रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने न्यूनतम रोजगारीमा संलग्न हुनको लागि मिति २०८० फाल्गुन ३० गतेभित्र आफूले स्थायी बसोबास गरेको स्थानिय तहको सम्बन्धित वडा कार्यालयमा आवश्यक कागजात सहित बेरोजगार व्यक्तिको सूचिमा सूचिकृत हुनको लागि निवेदन दिनुहुन यो सुचना प्रकाशित गरिएको छ। निवेदकको ढाँचा र यस सम्बन्धी थप जानकारी रोजगार सेवा केन्द्र, सम्बन्धित वडा कार्यालय वा गाउँपालिका puthauttargangamun.gov.np प्राप्त गर्न सकिने छ।

**न्यूनतम रोजगारीमा संलग्न हुनका लागि आवश्यक मापदण्डहरु :**

- १८ वर्ष पुरा भई ५९ वर्ष ननाघेको।
- चालु आ. व. मा कुनै रोजगारमुलक कार्यक्रममा संलग्न नरहेको।
- नेपाल सरकारले तोकेको न्यूनतम वार्षिक आम्दानी भन्दा कम पारिश्रमिक आयस्रोत भएको
- सार्वजानिक विकास निर्माणका काम तथा अन्य सार्वजानिक सेवामा योगदान गर्न इच्छुक।

**न्यूनतम रोजगारीमा संलग्न हुनका लागि आवश्यक कागजातहरु :**

- हालसालै खिचेको पासपोर्ट साईजको फोटो — १ प्रति
- नागरिकताको प्रतिलिपी — १ प्रति
- परिवारका सवै सदस्यको नागरिकता / जन्मदर्ताको प्रतिलिपी — १ प्रति
- शैक्षिक प्रमाणपत्रको प्रतिलिपी — १ प्रति
- सिप तथा तालिम हाँसिल गरेको प्रमानपत्रको प्रतिलिपी — १ प्रति ( हुनेको हकमा )
- शारीरिक अशक्तता परिचयपत्रको प्रतिलिपी — १ प्रति (हुनेको हकमा )
- बसाईसराई भएको भए सोको प्रमाणपत्रको प्रतिलिपी — १ प्रति ( हुनेको हकमा )
- पासपोर्टको प्रतिलिपी ( बैदेशिक रोजगारबाट फर्किएको वा श्रम स्वीकृत लाई वैदेशिक रोजगारीमा जान नपाएका व्यक्तिहको हकमा १ प्रति ( हुनेको हकमा )

२०८०।११।०३

समिर गिरी
नि.प्रमुख प्रशासकीय अधिकृत

समिर गिरी
नि. प्रमुख प्रशासकीय अधिकृत

*नोट:- निवेदनमा माग भए बमोजिमको सम्पुर्ण विवरण अनिवार्य भर्नुपर्ने छ। यदि निवेदन अपुर्ण वा झुठा ठहरेमा रोजगार सेवा केन्द्र स्वीकृत गर्न वाध्य हुने छैन।साथै विस्तृत जानकारीको लागि सम्पर्क नं. ९७६८४५९०४९,९८४५२७७३८५*